निणय नं. १

मिति २०७४।३।८ गते प्रकाशित ठेक्का सूचना बमोजिम पेश भएका ३ वटा सिलबन्दी बोलपत्र साक्षी प्रतिनीधिहरुको रोहवरमा खोलीएकोमा निर्वाचित जनप्रतिनिधीहरुको पद बहाली भए संगै महानगरको यस संबन्धी नीतिगत स्पष्टता र मार्गनिर्देशनको आवश्यक महसुस गरि ठेक्का प्रकृयालाई यथास्थितीमा राखिएको अवस्थामा शहरलाई व्यवस्थित गर्दै सफा, सुन्दर, व्यबस्थित र समृद्ध महानगर बनाउन होर्डिङ्गवोर्ड राख्ने कार्य क्रमशः निरुत्साही गर्दै आय स्रोतको विकल्प खोजी गर्दै जाने र महानगर नगरकार्यपालिकाले तोकेका स्थान र साइज तथा महानगरको सौन्दर्यलाई असर नपर्ने गरी हाललाई उक्त ठेक्का प्रकृया सार्वजनिक खरिद ऐन बमोजिम अगाडी बढाउने निर्णय गरियो ।

निर्णय नं. २

सार्वजनिक खरिद ऐन २०६३ को दफा २६(ग) एवं स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम १६८(१) बमोजिम मिति २०७४।३।८ गते प्रकाशित भरतपुर महानगरपालिका वडा नं ३ स्थित तरकारी तथा फलफुल र वडा नं. २ स्थित बालकुमारी खुद्रा बजार व्यवस्थापन तथा संचालन गर्ने ठेक्का सूचना प्रकासीत गरिएकोमा भरतपुर महानगरपालिका वडा नं. ३ स्थित फलफुल तथा तरकारी थोक वजार हालको स्थानमा संचालन गर्नका लागि उपयुक्त नभएकाले २०७४ पुष मसान्त भित्र अन्यत्र व्यवस्थापन गर्न भरतपुर महानगरपालिका नगरकार्यपालिकाको कार्यालय, संबन्धित व्यावसायी, चितवन उद्योग बाणिज्य संघ विच आपासी सहमती भई सो को विकल्पको लागि जग्गा खोजी गरि व्यवस्थापन गर्ने, महानगरपालिकाले जग्गा उपलब्ध गराउन हर सम्भव प्रयास गर्ने र आगामी पुष मसान्त सम्म ६ महिनाको लागि भाडा निर्धारण गर्दा महानगरपालिकाले प्रस्ताव गरेको भाडा दरलाई आधार मानी संबन्धित व्यवसायी संग व्यक्तीगत संझौता गरि भाडा असुल उपर गर्ने र वडा नं. २ स्थित बालकुमारी खुद्रा बजारको हकमा महानगरले टेण्डरमा प्रस्ताव गरेको र बजार मुल्यलाई आधार मानी संबन्धित व्यवसायी संग बार्षिक रुपमा व्यक्तीगत संझौता गरि भाडा असुल उपर गर्ने निर्णय गरियो ।

निर्णय नं. ३

भरतपुर महानगरपालिका नगर कार्यपालिकामा कार्यरत कर्मचारीहरुलाई कानून प्रति प्रतिबद्ध रही सेवाग्राही प्रति जिम्मेवार र उत्तरदायी बन्न अभिप्रेरित गर्नुका साथै कर्मचारीको मनोवलमा सकरात्मक परिवर्तन ल्याई सेवा प्रवाहलाई चुस्त, दुरुस्त बनाई सुशासन कायम गर्न मद्दत पुग्ने र कर्मचारीहरुको व्यबहारलाई शिष्ट वनाउनका लागि कर्मचारीहरुको आचार संहिता २०७४ बनाउन आवश्यक देखिएकोले प्रस्ताव गरे वमोजिम आचार संहिता स्वीकृत गर्ने निर्णय गरियो ।

निर्णय नं. ४

भरतपुर महानगरपालिका क्षेत्रको सिमाना गोन्द्राङ देखि पुल्चोक हुदै पोखरा बसपार्क (नारायणगढ बसपार्क) सम्मको क्षेत्रको बजार (फुटपाथ र पार्किङ्ग) व्यवस्थापन गर्न अनधिकृत रुपमा राखेको पार्किङ्ग पूर्ण रुपमा हटाई सो स्थानलाई निर्बाध यातायातका साधन संचालन गर्न सक्ने स्थानको

रुपमा बिस्तार गर्ने सन्दर्भमा हाल पुल्चोक देखि लायन्स चोक सम्मा मिति २०७४ साल असोज १ गते देखि लागु हुने गरि पार्किङ्ग व्यवस्थापन गर्ने र अन्य स्थानमा क्रमश विस्तार गर्दै लैजाने, कालो पत्रे सडकमा ठेला राख्न निषेध गर्ने, सडकमा फुटपाथ व्यापारीहरुलाई अन्य स्थानमा व्यवस्थापन गर्न व्यवसायी समेतको संलग्नतामा प्रकिया अगाडी बढाउने र फुटपाथ र बाटोमा अव्यवस्थित रुपमा राखिएका होर्डिङ्ग बोर्ड लगायत प्रचार प्रसारका सामानहरु नगरकार्यपालिकाको मापदण्ड अनुरुप व्यवस्थापन गर्ने । साथै पुल्चोक गोन्द्राङ्ग सडकलाई एशियाली मापदण्ड अनुसारको ६ लेनमा विस्तार गर्न अति आवश्यक देखिएकोले उक्त कार्यका लागि भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयसँग अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं. ५

भरतपुर महानगरपालिकाको नगर कार्यपालिका कार्य सम्पादन नियमावली तयार गरि संचालन गर्दा नगर कार्यपालिकाको कार्य सम्पादन अझ प्रभावकारी र व्यवस्थित हुनुका साथै सुशासन कायम गर्न मद्दत पुग्ने भइ नियमावली तयार गरिएकोमा नगर कार्यपालिका सदस्यले अध्ययन गरी अर्को बैठकमा पेश गर्ने निर्णय गरियो ।

निर्णय नं. ६

भरतपुर महानगरपालिका क्षेत्र भित्रका सडकहरुमा सर्वसाधारण मानिसको आवत जावतलाई सहज र सुरक्षीत बनाउन सडक बत्ति राख्नु पर्ने भएकोले विगतमा समेत सडक बत्ति भएका, सौर्य सडक बत्ति जडान भएका वडा र अन्य वडालाई वर्गीकरण गरी वडा नं. १,२,३,१०,११ र १२ लाई १ लाख २५ हजार र अन्य वडालाई २ लाख ५० हजार रुपैया बराबरका विद्युतका सामाग्री खरीद र जडान गर्न स्वीकृती दिने र सो को भुक्तानी नगर कार्यपालिकाको आन्तरकि श्रोतबाट गर्ने निर्णय गरियो ।